नेपाल सरकार
# अर्थ मन्त्रालय
वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- वि.क्षे.व्य. २०७२/०७३
च. नं. :- १५६

मितिः२०७२/०६/१८

विषयः <u>नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को संसोधन सम्बन्धमा ।</u>

श्री नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था,
सातदोबाटो, ललितपुर।

प्रस्तुत विषयमा संस्थाको च.न. १००९/०७१-७२, मिति २०७१।१२।१६ को पत्रबाट संस्थाको केहि नियमहरु थप तथा संशोधन स्वीकृतिको लागि प्राप्त हुन आएको विषय पेश हुँदा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को प्रस्तावित पाचौं संशोधनलाई देहाय बमोजिम स्वीकृति प्रदान गर्ने तथा आन्तरिक राजश्व विभागको च.नं.५, मिति २०७२।४।२२ को पत्रसाथ प्राप्त राय कार्यविधि बनाउदा समावेश गर्न नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०७२।०६।१६ मा निर्णय भएको व्यहोरा अनुरोध छ ।साथै आन्तरिक राजश्व विभागको पत्र यसै साथ संलग्न छ ।

१. **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम १६क. मा संसोधन :** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ (यसपछि "मुल नियमावली" भनिएको) को नियम १६क. को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ र खण्ड (घ) थप गरिएको छ ।

(ग) लेखा, लेखापरीक्षण, कस्ट एकाउन्टिङ्ग, वित्तीय व्यवस्थापन (फाइनानसियल मेनेजमेन्ट) वा कर सम्बन्धी विषय लिई वाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा ब्यापार प्रशासनमा स्नातक वा स्नातकोत्तर गरी उल्लेखित तहमा ५० (पचास) प्रतिशत अंक प्राप्त गरेको विषय चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको **बिषय** संग मिल्ने रहेछ भने उक्त बिषय ।

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल स्थित विश्व विद्यालयबाट लेखा मुख्य बिषय (Specialization in Accountancy) लिई कम्तीमा ५० (पचास) प्रतिशत अंक प्राप्त गरि वाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा ब्यापार प्रशासनमा स्नातक वा स्नातकोत्तर उत्तीर्ण गरेकोमा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको सम्पुर्ण बिषयहरु ।

२. **मुल नियमावलीमा नियम १६ख थप :** मुल नियमावलीको नियम १६क. पछि देहायको नियम १६ख. थपिएकोछ ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा भू. म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np वेब साईट : www.mof.gov.np

१६ख. लेखाप्राविधिज्ञलाई बिषय छुटको सुविधा :

यस संस्थाबाट संचालन गरेको लेखाप्राविधिक शिक्षा हासिल गरिसकेका र चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहमा दर्ता हुन योग्य व्यक्तिहरुले चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्न चाहेमा लेखा प्राविधिक शिक्षामा उत्तिर्ण गरेका बिषयहरु चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहमा रहेछ भने परिषदले मध्यम तहका सो बिषयहरु छुटको सुविधा दिन सक्नेछ ।

३. **मुल नियमावलीको नियम २४ मा संसोधनः** मुल नियमावलीको नियम २४ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ ।

(१) ऐनको दफा १६ बमोजिम संस्थाको चार्टर्ड एकाउन्टेन्सी सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले पंजिकृत प्रशिक्षार्थीको रुपमा पेशागत प्रमाणपत्र प्राप्त चार्टर्ड एकाउन्टेन्ट सदस्य (मुल प्रशिक्षक) बाट लेखाव्यवसाय सम्वन्धी तीन वर्षको पंजिकृत प्रशिक्षण लिनु पर्नेछ । त्यस्तो प्रशिक्षण नियम ८ को उपनियम (२) को अवस्थामा बाहेक चार्टर्ड एकाउन्टेन्सी अन्तिम तहको शिक्षा प्राप्त गर्न संस्थामा नाम दर्ता गराउनु अघि प्रारम्भ गर्नु पर्नेछ ।

तर परिषदले तोकेको शर्त पूरा गरेका दर्तावाला लेखापरीक्षकको हकमा दुई वर्षसम्म र लेखा प्राविधिज्ञको हकमा १८ महिना सम्म पंजिकृत प्रशिक्षण छुट दिन सकिनेछ ।

४. **मुल नियमावलीमा नियम ४१क. थप :** मुल नियमावलीको नियम ४१ पछि देहायको नियम ४१क. थपिएकोछ ।

**४१क. इन्टर्नसीप पुरा गर्नुपर्ने :**

(१) बिदेशी लेखाव्यवसायी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरेका व्यक्तिले संस्थाको सदस्यता वा पेशागत प्रमाणपत्र प्राप्त गर्नको लागि परिषदले तोके बमोजिम इन्टर्नसीप पुरा गर्नुपर्नेछ ।

(२) इन्टर्नसीप सम्बन्धी कार्यविधि परिषदले तोके बमोजिम हुनेछ ।

५. **मुल नियमावलीको नियम ५२ मा संसोधनः** मुल नियमावलीको नियम ५२ को उपनियम (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ ।

(घ) दर्तावाला लेखापरीक्षक सदस्य चार्टर्ड एकाउन्टेन्सी शिक्षामा दर्ता भएमा नियमानुसार सम्पन्न गर्नुपर्ने पंजिकृत प्रशिक्षण अवधि भर ।

पत्र संख्या :- वि.क्षे.व्य. २०७२/०७३
च. नं. :-

६. <u>मुल नियमावलीको नियम ५३ मा संसोधन:</u> मुल नियमावलीको नियम ५३ को उपनियम (१) को पछि देहायको उपनियम (२) थपिएको छ ।

(२) यस नियम बमोजिमको लेखापरीक्षण गर्न पाउने हद परिषदले हरेक पाच बर्षमा नेपाल राष्ट बैंकले प्रकाशित गरेको थोक मूल्य सूची (Wholesale Price Index) को आधारमा हेरफेर गर्न सक्नेछ ।

७. <u>मुल नियमावलीको नियम ५३क. मा संसोधन:</u> मुल नियमावलीको नियम ५३क. को सट्टा देहायको नियम ५३क. राखिएको छ ।

<u>नियम ५३क: लेखाप्राविधिज्ञको लेखापरीक्षण गर्न पाउने सम्बन्धमा बिशेष व्यवस्था :</u>

यो नियम प्रारम्भ हुंदाका वखत लेखा प्रविधिज्ञको अनुमति प्त्र प्राप्त गरेका व्यक्ति तथा लेखा प्राविधिज्ञको शिक्षा उतिर्ण भइसकेका व्यक्ति वा लेखा प्राविधिज्ञ शिक्षामा दर्ता भै तोकिएको अवधि भित्र लेखा प्राविधिज्ञ शिक्षा उतिर्ण हुने व्यक्तिले लेखा प्राविधिज्ञको अनुमति पत्र प्राप्त गरि परिषदले तोकेको आचार संहिताको अधिनमा रही रु १० (दश) करोड रुपैया रकमको हदसम्म लेखापरीक्षण गर्न सक्नेछ ।

<u>स्पष्टीकरण:</u>

नियम५२क, ५३ तथा नियम ५३क को प्रयोजनको लागि रकम भन्नाले वासलातमा उल्लेख भएको जायजेथा वा दायित्वको रकम सम्झनु पर्छ र सो शव्दले वासलात तयार नगर्ने संस्थाको हकमा नाफा नोक्सान वा आम्दानी वा खर्चको कुल अंकमा उल्लेखित रकम समेतलाई जनाउनेछ ।

८. <u>मुल नियमावलीको नियम ५४ मा संसोधन:</u> मुल नियमावलीको नियम ५४ को उपनियम (८) को सट्टा देहायको उपनियम (८) राखिएको छ ।

(८) नियम ५४(३) मा जुनसुकै कुरा लेखिएको भएता पनि वाणिज्य शास्त्र वा व्यवस्थापन शास्त्र वा ब्यापार प्रशासनमा स्नातक उत्तीर्ण गरी सकेका "घ" बर्गका पेशागत प्रमाणपत्र प्राप्त दर्तावाला लेखापरीक्षहरुलाई समयावधी तोकी निवेदन आव्हान गरी "ग" वर्गको पेशागत प्रमाणपत्रको वर्गमा बृद्धि गर्न सक्नेछ ।

९. <u>मुल</u> नियमावलीको <u>नियम ६२ मा संसोधन :</u> मुल नियमावलीको नियम ६२ को उपनियम (३) र (४) को सट्टा देहायको उपनियम (३) र (४) राखिएको छ ।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू. म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np वेव साईट : www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय
वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- वि.क्षे.व्य. २०७२/०७३
च. नं. :-

(३) पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एकल फर्म र साझेदारी फर्म खोल्ने सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एकै समयमा एक भन्दा बढि एकल फर्म खोल्न वा एक भन्दा वढि साझेदारी फर्मको साझेदार हुन पाउने छैन ।

(ख) एकल फर्म भएका सदस्यले साझेदारी लेखा व्यवसायी फर्ममा साझेदार हुन चाहेमा निजले एकल फर्म निष्कृय गराउन संस्थामा निवेदन दिनु पर्नेछ । यसरी एकल फर्म निष्कृय भएमा निज साझेदारी फर्मको साझेदार बन्न सक्नेछ । तर यसरी एकल फर्म निष्कृय भएको अवस्थामा उक्त एकल फर्मले पहिले नै प्राप्त गरेका कार्यहरु सम्पन्न गर्न वाधा पर्ने छैन ।

(ग) खण्ड (ख) बमोजिम निष्कृय भएको एकल फर्म नवीकरण गर्न चाहेमा संस्थामा निवेदन दिई नवीकरण गराउन सकिने छ । तर सो फर्मको नामबाट साझेदारी फर्मको साझेदार रहंदा सम्म लेखा व्यवसाय गर्न पाइने छैन ।

(४) उपनियम (३) को अधिनमा रहि मा यो नियमावली प्रारम्भ हुंदाका बखत कुनै सदस्य एक भन्दा बढी लेखाव्यवसायी फर्ममा संलग्न रहेछ भने मिति २०७४ साल आषाढ मसान्त सम्म एकल लेखाव्यवसायी फर्म वा एक वटा मात्र साझेदारी लेखाव्यवसायी फर्ममा संलग्न हुने गरि व्यवस्था मिलाइसक्नुपर्नेछ ।

१०. <u>मुल नियमावलीको नियम ६४ मा संसोधन:</u> मुल नियमावलीको नियम ६४ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ ।

(च) संस्थाको अहितमा कुनै पनि कार्य नगर्ने, नगराउने ।

११. <u>मुल नियमावलीको नियम ६५ मा संसोधन:</u> मुल नियमावलीको नियम ६५ को खण्ड (ङ) पछि देहायको खण्ड (च) र (छ) थपिएको छ ।

(च) संस्थाको प्रतिनिधित्व गर्ने ।

(छ) कार्यकारी निर्देशक वा पार्षदले संस्थाको अहितमा हुने कुनै पनि कार्य गरेको जानकारी वा सूचना प्राप्त भएमा निजहरुसंग सोधपुछ गरी परिषदमा जानकारी गराउने ।

१२. <u>मुल नियमावलीमा नियम ६५क. र ६६क. थप :</u> मुल नियमावलीको नियम ६५ पछि देहायको नियम ६५क. र मुल नियमावलीको नियम ६६ पछि देहायको नियम ६६क. थपिएकोछ ।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू. म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np वेव साईट : www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय
वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- वि.क्षे.व्य. २०७२/०७३
च. नं. :-

**६५क: अध्यक्षको सेवा तथा पेशागत प्रमाणपत्र :**

(१) ऐनको दफा ७(५) को अधीनमा रही मिति २०७४ श्रावण १ गते देखि लागू हुने गरि निर्वाचित अध्यक्ष सो पदमा रहको अवस्थासम्म नीजको पेशागत प्रमाणपत्र स्वत: निष्कृय रहको मानिनेछ ।

तर परिषदको काम कारवाहीमा सम्लग्न हुने भएकाले निजको लेखा व्यवसायको अवधि गणना गर्ने तथा कुनै लेखापरीक्षण फर्ममा साझेदार रहने र पंजिकृत प्रशिक्षार्थी राख्ने प्रयोजनको लागि निज अध्यक्ष हुदाको अवधिको लागि पेशागत प्रमाणपत्र वहाल रहेको मानिनेछ ।

**६६क: पार्षदको काम, कर्तव्य र अधिकार**

(१) परिषदको बैठकमा भाग लिने ।

(२) परिषदले तोकेको कार्यहरु गर्ने ।

(३) लेखा तथा लेखापरीक्षण क्षेत्रको विकासको लागि रचनात्मक भुमिका खेल्ने ।

(४) संस्थाको हित सर्वोपरी राखी काम गर्ने ।

१३. **मुल नियमावलीमा नियम ७६क. थप :** मुल नियमावलीको नियम ७६ पछि देहायको नियम ७६क. थपिएकोछ ।

**नियम ७६क.: बोर्ड अफ स्टडीजको गठन, पदावधि, काम, कर्तव्य र अधिकार**

(१) यस संस्थाले प्रदान गर्ने चार्टर्ड एकाउन्टेन्सी शिक्षा तथा अन्य शिक्षाहरुलाई व्यवस्थित गर्न परिषदले देहाय बमोजिम "वोर्ड अफ स्टडिज" गठन गर्नेछ :

| | | |
|---|---|---|
| अध्यक्ष, उपाध्यक्ष वा पार्षदहरुमध्येबाट | १ जना | सभापति |
| पार्षदहरुमध्येबाट | ४ जना | सदस्य |
| शिक्षा बिज्ञहरु | ४ जना | सदस्य |

(२) उपनियम (१) बमोजिम गठन भएको बोर्ड अफ स्टडिजका पदाधिकारीहरुको पदावधी साधारणतया: तीन वर्षको हुनेछ र पदावधी समाप्त भए पछि निज पुन: मनोनित हुनसक्ने छ ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू. म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np वेब साईट : www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय
वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- वि.क्षे.व्य. २०७२/०७३
च. नं. :-

(३) उपनियम (१) बमोजिमको बोर्ड अफ स्टडिजको गठन प्रत्येक नयां परिषदको पहिलो कार्यकालमा गठन गर्नुपर्नेछ ।

(४) वोर्ड अफ स्टडिजको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) चार्टर्ड एकाउन्टेन्सी शिक्षाको लागी आवश्यक पर्ने शिक्षा, तालिम तथा प्रशिक्षण सम्बन्धी नितीगत निर्णयको लागी परिषदमा सिफरिश गर्ने ।

(ख) संस्थाले संचालन गर्ने चार्टर्ड एकाउन्टेन्सी शिक्षाको सबै तहको पाठ्यक्रमको तयारी परिमार्जन संशोधनका लागी परिषदमा सिफारीश गर्ने ।

(ग) परिषदबाट स्वीकृत भएको क्यीबिदगक को आधारमा बिभिन्न पाठ्यपूस्तकहरु तथा बिद्यार्थीहरुलाई उपयोगी हुने अन्य बिभिन्न शैक्षिक सामग्रीहरु प्रकाशन गर्ने ।

(घ) विद्यार्थीहरुलाई उपयोगी हुने किसिमको विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गर्ने गराउने, प्रशिक्षण तथा तालिम सम्बन्धमा आवश्यक व्यवस्था गर्ने, अनुगमन गर्ने, र सो सम्बन्धी अन्य काम गर्ने ।

(ङ) CA Couse मा दर्ता भएका विद्यार्थीहरुको योग्यता मुल्यांकन परीक्षा सम्बन्धी प्रश्नपत्र बनाउने, मुल्यांकनकर्ता तोक्ने, मुल्यांकन गराउने व्यवस्था गर्ने ।

(च) CA Course लाई प्रवर्द्धन, विस्तार गर्ने कममा शैक्षिक मेलाहरुमा भाग लिने, विज्ञापन गर्ने, विद्यार्थी अभिमुखिकरण संचालन गर्ने, विश्वविद्यालयहरुसंग सम्बन्धनका लागि पहल गर्ने ।

(छ) परिषदले तोकेका शिक्षा सम्वन्धी अन्य कार्यहरु गर्ने ।

(५) बोर्ड अफ स्टडिजले आफ्नो काम कारवाहीको बार्षिक प्रतिबेदन परिषदमा पेश गर्नेछ ।

१४. <u>मुल नियमावलीको नियम ८६ मा संसोधन:</u> मुल नियमावलीको नियम ८६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ ।

(१) फेलो चाटर्ड एकाउन्टेन्ट (एफसिए) सदस्यता प्राप्त गरेको न्यूनतम पांच बर्ष भएका र पेशागत प्रमाणपत्र बहाल रहेका पार्षदहरु मध्येबाट प्रत्येक बर्षको आषाढ महिना भित्र

नेपाल सरकार
# अर्थ मन्त्रालय
वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- वि.क्षे.व्य. २०७२/०७३
च. नं. :-

नियम ८५ बमोजिम निर्वाचित तथा नेपाल सरकारबाट मनोनित पार्षदहरुले अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नुपर्नेछ ।

यस नियमावली अन्तर्गत निर्वाचित अध्यक्ष र उपाध्यक्षको पेशागत प्रमाणपत्र नरहेको अवस्थामा निजको पद स्वतः खाली हुनेछ ।

१५. <u>मुल नियमावलीको नियम ८९ मा संसोधनः</u> मुल नियमावलीको नियम ८९ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ र देहायको खण्ड (ङ) थप गरिएको छ ।

(क) संस्थाको सदस्यता प्राप्त गरी दश बर्षको अवधि पुरा नभएको ।

(ङ) संस्थाले संचालन गरेको चार्टर्ड एकाउन्टेन्सी शिक्षामा नाम दर्ता कायम रहेको ।

१६. <u>मुल नियमावलीको नियम १०१ मा संसोधनः</u> मुल नियमावलीको नियम १०१ को सट्टा देहायको नियम १०१ राखिएको छ ।

<u>१०१. लेखा प्राविधिज्ञ बोर्डको गठन र पदावधि</u>

(१) परिषदले देहाय बमोजिम सदस्य रहने गरी एक लेखा प्राविधिक बोर्ड गठन गर्नेछः

(क) परिषद्का अध्यक्ष वा उपाध्यक्ष वा संस्थाको पूर्व अध्यक्ष १ जना सभापती

(ख) पार्षदहरु मध्येबाट ५ जना सदस्य

(ग) लेखाप्राविधिकको अनुमति पत्र प्राप्त गरि ५ बर्ष पुगेकाहरु मध्येबाट १ जना सदस्य

उपनियम(१) को खण्ड (ग) को प्रयोजनका लागि लेखा प्राविधिकको अनुमतिपत्र प्राप्त गरि पांच बर्ष पुगेको व्यक्ति नरहेको अवस्था सम्मको लागि स्वतन्त्र विज्ञलाई परिषद्ले मनोनित गर्न सक्ने छ ।

(२) लेखा प्राविधिक बोर्डका पदाधिकारीहरुको पदावधि साधारणतयाः तीन वर्षको हुनेछ र पदावधि समाप्त भए पछि नीज पूनः मनोनित हुन सक्नेछ ।

(३) बोर्डले उपयूक्त देखेमा कूनै व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) बोर्ड सम्बन्धी अन्य व्यवस्था विनियममा तोके बमोजिम हुनेछ ।

(५) उपनियम (१) बमोजिमको लेखा प्राविधिज्ञ बोर्डको गठन प्रत्येक नयां परिषदको पहिलो कार्यकालमा गठन गर्नुपर्नेछ ।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा भू. म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np वेब साईट : www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- वि.क्षे.व्य. २०७२/०७३
च. नं. :-

(६) लेखा प्राविधिज्ञको योग्यता, शिक्षा सोको पाठयक्रम, लेखा प्राविधिज्ञको परीक्षा संचालन तथा सो सम्बन्धी कार्यविधि, लेखा प्राविधिज्ञलाई दिइने प्रमाणपत्र तथा लेखा प्राविधिज्ञको काम, कर्तव्य र अधिकार परिषदले विनियममा व्यवस्था गरे बमोजिम हुनेछ ।

१७. <u>मुल नियमावलीको नियम १०३ मा संसोधन:</u> मुल नियमावलीको नियम १०३ को सट्टा देहायको नियम १०३ राखिएको छ ।

<u>१०३. लेखाव्यवसायी तथा लेखा व्यवसायी फर्मको गुणस्तर परीक्षण:</u>

(१) लेखाव्यवसायीहरुले लेखापरीक्षण गर्ने क्रममा संस्थाबाट जारी गरिएका लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण भए नभएको र संस्थाले जारी गरेका गुणस्तर मानहरु (Nepal Standards on Quality Control - NSQC) अनुसार लेखाव्यवसायी फर्मको गुणस्तर नियन्त्रण प्रणाली रहे नरहेको स्वतन्त्र रुपमा निरीक्षण तथा अनुगमन गर्न परिषदले देहाय बमोजिम क्वालिटि एस्युरेन्स बोर्ड गठन गर्नेछ ।

(क) संस्थाको पूर्व अध्यक्ष वा नेपाल सरकारको बिशिष्ट श्रेणी वा सो सरहको पदमा काम गरि निबृत्त भएका व्यक्ति १ जना सभापती

(ख) पार्षदहरुमध्येबाट २ जना सदस्य

(ग) पार्षद बाहेकका संस्थाका सदस्यहरुबाट (कम्तीमा १० बर्ष कार्यअनुभव भएका र पेशागत प्रमाणपत्र बहाल नरहेको) २ जना सदस्य

(घ) धितोपत्र बोर्डको अध्यक्ष वा निजले तोकेको संचालक १ जना सदस्य

(ङ) प्रतिनिधि, महालेखापरीक्षकको कार्यालय १ जना सदस्य

(२) उपनियम (१) बमोजिमको क्वालिटि एस्यूरेन्स बोर्डको गठन प्रत्येक नयां परिषदको पहिलो कार्यकालमा गठन गर्नुपर्नेछ ।

(३) क्वालिटि एस्यूरेन्स बोर्डको सभापती लेखा व्यवसायमा संलग्न नरहेको व्यक्ति हुनुपर्नेछ ।

(४) क्वालिटि एस्यूरेन्स वोर्डको पदाधिकारीहरुको पदावधी साधारणतया: तीन वर्षको हुनेछ ।

(५) वोर्डलाई आवश्यक आर्थिक, भौतिक तथा आवश्यक जनशक्तिको व्यवस्था संस्थाले उपलब्ध गराउनेछ । बोर्डको बार्षिक बजेट तथा कार्यक्रमहरु परिषदबाट स्वीकृती पश्चात बोर्डले स्वायत्त रुपमा संचालन गर्नेछ ।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू. म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.) .
ईमेल : admindivision@mof.gov.np वेब साईट : www.mof.gov.np

(६) उपनियम(१) बमोजिम गठित बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गुणस्तर आश्वस्तता परीक्षण (Quality Assurance Review) को नीति तथा कार्यक्रम तयार पार्ने,

(ख) गुणस्तर आश्वस्ता परीक्षण (Quality Assurance Review) को नीति तथा कार्यक्रम अनुसार लेखाव्यवसायी (Practice Unit) को गुणस्तर परीक्षण गर्ने/गराउने र सोको प्रभावकारी अनुगमन गर्ने ।

(ग) लेखाव्यवसायी (Practice Unit) को गुणस्तर परीक्षण (Quality Review) गर्दा कुनै क्षेत्रमा सुधार गर्नुपर्ने देखिएमा लेखाव्यवसायी (Practice Unit) लाई सुधारको लागि सचेत गराई परिषदलाई जानकारी गराउने ।

(घ) लेखाव्यवसायी (Practice Unit) को गुणस्तर परीक्षण (Quality Review) गर्दा देखिएका त्रुटीहरुको आधारमा निज लेखाव्यवसायीलाई सम्वन्धित निकाय वा क्षेत्रको लेखापरीक्षण गर्न बन्देज लगाउन परिषदमा सिफारिस गर्ने ।

(ङ) परिषदले तोकेको अन्य कार्य गर्ने ।

(७) बोर्डले लेखा व्यवसायको प्रभावकारिताको लागि हरेक लेखाव्यवसायी तथा लेखा व्यवसायी फर्मको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था अनिवार्य रुपमा संचालन गर्नुपर्नेछ ।

(८) लेखाव्यवसायी तथा लेखा व्यवसायी फर्मको गुणस्तर परीक्षण सम्बन्धी कार्यविधि परिषदले तोके बमोजिम हुनेछ ।

(भावना चौलागाई)
शाखा अधिकृत



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू. म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np वेब साईट : www.mof.gov.np